"सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!"

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७६



किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

**प्रकाशक**


**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सूचना प्रविधि उपशाखा**
**फोन न** : ०१ ४३३१११०, ०१ ४३३१७९५
**फ्याक्स नं.** : ०१ ४३३१३८१
**वेवसाईट** : www.kirtipurmun.gov.np
**ईमेल** : iict.munkirtipur@gmail.com

**प्रकाशन प्रति** : ५००
**प्रकाशन मिति** : २०७६

**सहयोग**

यो नीति कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सूचना प्रविधि उपशाखाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहयोगमा २०७६ मा तयार तथा प्रकाशन गरेको हो ।


**अस्वीकरण**
यस नीतिमा व्यक्त विचार लेखकका हुन् र तिनमा युएनडीपी, नेपालको प्रतिनिधित्व गर्दैनन् ।


© कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सूचना प्रविधि उपशाखा



तस्बिर सौजन्य: युएनडीपी नेपाल, पुर्णिमा श्रेष्ठ, ज्ञानकुमार महर्जन र कीर्तिपुर नगरपालिका

“सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!”

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७६

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं



किपू नगरपालिका

# कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं ।
बागमती प्रदेश, नेपाल ।

प.स.
च.न.

मितिः-



## शुभ–कामना

विश्वमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरण सबैको चासोको विषय भएको छ । विगत केही दशकदेखि विश्वभरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (***लैससास***) को क्षेत्रमा उल्लेखनीय प्रगति गरेको देखिन्छ ।

यसै क्रममा नेपालमा पनि विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ । यसै सन्दर्भमा खासगरी नेपालको संविधान, २०७२ प्रस्तावनमा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । त्यस्तैगरी यसको धारा ३८ ले मौलिक हकअन्तर्गत महिलाको हक, धारा ४२ ले सामाजिक रूपले पछाडि परेका तथा पछाडि पारिएका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक तथा धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरेको छ ।

माथि उल्लेखित प्रावधानहरूलाई कार्यान्वयन गर्न स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम, कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । त्यस्तैगरी वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणालीअनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी महिला तथा अल्पसंख्य समुदायको सहभागीतामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पछाडि पारिएको/परेको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड दिँदै ***लैससास*** प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ ।

तसर्थ नेपालको संविधानले दिएको महिला अधिकारसम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु आजको समयको माग तथा आवश्यकता

हो । दिगो विकासका लक्ष्यहरू हासिल गर्ने नेपालको प्रयत्नमा '***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७***' को ठूलो भूमिका हुन्छ ।

यिनै माग तथा आवश्यकतालाई मध्यनजर राख्दै कीर्तिपुर नगरपालिकाले सञ्चालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा ***लैससाससँग*** सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न '***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७***' तयार गरी प्रकाशित हुन लागेकामा मलाई धेरै खुसी लागेको छ ।

त्यसैले विभिन्न सरोकारवालाहरूसँगको छलफल एवं प्राप्त सल्लाह सुझावका आधारमा तयार गरिएको यस नीतिको सफल कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन, समन्वय र जनचेतना अभिवृद्धि गरी नगरपालिकाको हरेक विकास योजना, परियोजना तथा कार्यक्रमहरूमा ***लैससासलाई*** मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस नीतिको माध्यमबाट नगरपालिका र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारीसमेत सरल ढङ्गबाट प्राप्त हुनेछ र यसमार्फत नगरपालिकाले संस्थागत रूपमै लागु गर्ने कार्यमा सफलता मिल्ने विश्वास पनि लिएको छु ।

यो नीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरूसहित निरन्तर सहयोग गर्नुहुने नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, अपाङ्गता भएका व्यक्तिहरू, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकारकर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । यस ***लैससास नीति*** तयार कर्ता संग्राम लामालाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यस ***लैससास नीति*** तयार गर्न आर्थिक सहयोग गर्नुहुने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपाल (युएनडीपी) प्रति कीर्तिपुर नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ । त्यसैगरी युएनडीपीका लैङ्गिक तथा सामाजिक समावेशीकरण सल्लाहकार विन्दा मगर र गीताञ्जली राईलाई पनि सुरुदेखि अन्त्यसम्म नै आवश्यक सहयोग, निर्देशन र सुझाव प्रदान गर्नुभएकामा विशेष धन्यवाद दिन चाहन्छु ।

**रमेश महर्जन**
नगर प्रमुख
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाडौं, फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१
Kirtipur, Kathmandu, Phone No.: 977-1-4331805,4331693, Fax No.: 977-1-4331381,
E-mail: ict.munkirtipur@gmail.com

# विषय सूची


| | |
|---|---|
| १. पृष्ठभूमि | ३ |
| २. विद्यमान समस्या र चुनौति | ६ |
| ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको औचित्यता किन ? | ७ |
| ४. दीर्घकालिन सोच | १२ |
| ५. मुख्य उद्देश्य | १२ |
| ६. नीति | १३ |
| ७. रणनीति | १४ |
| ८. कार्यनीति | १६ |
| ९. नीति पुनरावलोकन तथा सुधार | २६ |
| १०. बाधा अड्चन फुकाउने | २६ |
| अनुच्छेद | २८ |

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७६



# १. पृष्ठभूमि

संविधान देशको मूल कानून हो । यसले राजनीतिक शक्ति, संस्था तथा नागरिक बीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गर्दछ । संविधानले प्रदत्त गरेका प्रावधानहरूको आधारमा अधिकारहरूको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरू कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ लाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ ।

नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ ।

यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ ।

त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

यसर्थ उल्लिखित आधारमा के भन्न सकिन्छ भने नेपालको संविधानले राज्यका सवै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सवै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ । आरक्षित व्यवस्थाका अलावा अरु संख्यामा पनि महिला प्रतिनिधित्वको अवसर हुनसक्ने स्थिति छ ।

"समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय सोच (Vision) पुरा गर्न आँउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेकोछ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौं योजना तर्जुमा गरिएकोछ । यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएकोछ ।

नेपालको संविधानले महिला अधिकारसम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेकोछ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरूलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले ***"समृद्ध नेपाल, सुखी नेपाली"***को राष्ट्रिय सोच (Vision) पुरा गर्न आँउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेकोछ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौं योजना तर्जुमा गरिएकोछ । यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएकोछ ।

तदनुसार लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरूको समान पँहुच सुनिश्चित गर्ने आदि उदेश्यहरू पन्ध्रौं योजनाको उदेश्यको रुपमा राखेकोछ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा** ११ मा उल्लेख गरिए बमोजिम गाउंपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धि स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ ।

त्यस्तै उक्त ऐनको **दफा १२** मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिंदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ***(लैससास)*** प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तै **वडाभित्रका विकास कार्यहरू कार्यान्वयन** गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ । साथै

उक्त ऐनले वडा भित्र बालविवाह, बह-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया, प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेकोछ ।

नेपालमा पनि सदियौंदेखि अत्यधिक मात्रामा घरेलु हिंसा हुँदै आइरहेकोछ । हाल ***कोभिड-१९*** को संक्रमण सुरु भएपश्चात् विभिन्न राष्ट्रहरूले संक्रमण फैलन नदिन लकडाउन गरे । लकडाउन गरेसँगै बिश्वभर विभिन्न खालका घरेलु हिंसाको वृद्धि भएको छ । यसले गर्दा हाम्रो देशको पनि सबै संयन्त्र त्यतै लागेको हुँदा घरेलु हिंसालाई हेर्ने फुर्सद नहुँदा घरेलु हिंसा दिनदिनै बढ्दै गइरहेकोछ । लकडाउनमा हिंसा हुँदा पनि पीडित न्याय खोज्न जान नसकिरहेको अवस्था छ । एक अर्कामा आफूलाई पीडा भएको कुरा भन्न नपाउँदा घरेलु हिंसा मौलाउन मलजल मिलेको छ । अझ गाउँ घर-समाजमा घटना बाहिर आए पनि हाम्रो समाजमा मिलेमतोमा घटनालाई सामसुम वा दबाएर राखेको अवस्था पनि छ ।

त्यसका साथै नेपालमा घरेलु हिंसा हुँदा धेरैजसो पीडितले न्याय खोज्न नगएको र पीडा सहेर बसेको देखिन्छ । यसका विभिन्न कारणहरू जस्तैः ***आर्थिक (गरिबी) रुपले सक्षम नहुनु, समाजमा बेइज्जत हुने डर हुनु, घर परिवारको डर हुनु, आफ्नो बालबच्चाको भविष्य खराब होला भन्ने सोच हुनु, पीडकले झन् यातना देला भन्ने डर हुनु, न्याय खोज्न बाहिर निस्किँदा न्यायलयबाट आफूलाई न्याय मिल्ला भन्ने विश्वास नहुनु, पीडक परिवारको सदस्य समेत हुने भएको हुँदा माया हुनु तथा अब फेरि सुध्रेलाकि भन्ने सोच हुनु*** आदि रहेको पाईन्छ ।

विगतमा पनि बिभिन्न कानूनी तथा नीतिगत प्रावधानहरूलाई कार्यान्वयन गर्न केही मन्त्रालयहरूले जस्तैः स्थानीय विकास मन्त्रालयको "***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६***" र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "***लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५***" (मस्यौदा), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "***स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६***", महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "***राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४***" (मस्यौदा), शहरी विकास मन्त्रालयको "***लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०***" आदि जस्ता ***लैससास*** नीति तथा मार्गदर्शन तयार गरिएको थियो ।



# २. विद्यमान समस्या र चुनौति

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बहु-क्षेत्रगत सवाल हो । त्यसकारणले विगतमा बिभिन्न मन्त्रालय तथा कार्यालयहरूले ***लैससास*** नीति तथा मार्गदर्शन तयार गरेतापनि केन्द्र देखि स्थानीय सरकारहरूले ***लैससास*** नीति बनाई नसकेको र निर्माण गरिएको नीति तथा कार्यक्रमहरूको पनि प्रभावकारी कार्यन्वयन हुन सकिरहेको छैन । नीति तथा कार्यक्रमहरूको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका समुहको आवश्यकता सम्बोधन गर्न सकिएको अवस्था अझै पनि छैन । फलस्वरुप बिभिन्न सरकारी कार्यालयहरूले प्रदान गर्ने सेवा तथा सुबिधाहरूमा महिला, दलित तथा पछाडि परेका समुदायको पहुंचमा र निर्णय गर्ने क्षमतामा कमी हुन गयो र उनीहरूले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी वा लैङ्गिक संवेदनशील हुनसकेन । यसको साथै सबै कार्यालयमा ***लैससास***लाई मूलप्रवाहीकरण गर्नको लागि संरचनाहरूको कमी र यस विषयमा सबैको जानकारी समान रुपमा भएन जसले गर्दा ***लैससास*** विषयलाई सबैले गम्भिर रुपले आन्तरिकिकरण गर्न सकेनन् ।

यसैगरि सबैजसो प्रदेश सरकार र स्थानीय सरकारले ***लैससास***को नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरिनसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किएको छ । फलस्वरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीका आधारभूत पक्षहरू समेत ओझेलमा परेका छन् । जसले गर्दा लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा महिला, दलित तथा पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सीमित हुन पुगेकोछ ।

हाल ***कोभिड-१९*** को संक्रमण सुरु भएपश्चात् विभिन्न राष्ट्रहरूले संक्रमण फैलन नदिन लकडाउन गरेसँगै बिश्वभर विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसाको वृद्धि भएको छ । यसले गर्दा हाम्रो देशको पनि सबै संयन्त्र त्यतै लागेको हुँदा घरेलु हिंसा दिनदिनै बढ्दै गइरहेको सन्दर्भमा नगरपालिकाले ***लैससास***को अवधारणालाई व्यबहारिक रुपमा सफल कार्यन्वयन गर्न अहिले झनै चुनौतिपूर्ण हुनपुगेको छ ।

त्यसैले ***लैससास***को लागि राजनीतिक प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन र जनचेतना अभिबृद्धि गरि नगरपालिकाका हरेक विकास योजना तथा कार्यक्रमहरूमा ***लैससास***लाई मूलप्रवाहीकरण गर्ने सोँच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्य यस नगरपालिकाको लागि पनि चुनौतीका रूपमा रहेको छ ।



# ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको औचित्यता किन ?

प्रथमतः लैङ्गिक समानता तथा सामाजिक समावेशीताबारे नेपालको संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, बिगतमा निर्माण भएका नीति, नियम, ऐन, कानुन, कार्यबिधि, ***लैससास***बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालले बिगतमा भोगेका समस्या तथा चुनौतिहरूलाई मध्यनजर गर्दै तिनीहरूको समाधान नगरपालिकाले प्रभावकारी रुपमा गर्न यो नीतिको औचित्यता महसुस गरिएको हो । यसका साथै निम्न परिस्थितिले गर्दा पनि यो नीतिको आवश्यकता भएको हो:

३.१ संबिधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नुपर्ने भएकोले,

३.२ माथि उल्लेखित समस्या र चुनौतिलाई सम्बोधन गर्ने गरी केन्द्रिय सरकारबाट जारी भएका ***लैससास*** सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा ***लैससास*** सवोधन गर्ने गरी ***लैससास*** अवधारणासँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले,

३.३ विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले,

३.४ राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरू लागु भएता पनि प्रतिफल हासिल गर्नेतर्फ पूर्ण प्रतिवद्धताको कमी भएकाले,

३.५ महिला तथा बाल-बालिकामाथि हुने सबै प्रकारका हिंसा, बेचबिखन, घरायसी कामकाज, गरिवी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको पनि अभाव भएकोले,

३.६ महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकाले,

३.७ नगरपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले,

३.८ नगरपालिकाको विद्यमान सामाजिक असमानता र बञ्चितिकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पँहुचको अवस्थाको सहीरुपमा पहिचान गरी सो अनुरुप कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन पूनरावलोकन गर्न,

३.९ नगरपालिकाभित्र कार्यरत सरकारी, बिभिन्न संजालहरू, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम र बजेटलाई समेत ***लैससास*** उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

३.१० महिला उपर हुने सबै किसिमका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, वेइजिङ्ग घोषणा र २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरि नगरपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा ***लैससास***लाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता कायम गर्नुपर्ने भएकोले र,

३.११ हाल ***कोभिड-१९*** को संक्रमण सुरु भए पश्चात् बढेका विभिन्न लैङ्गिक हिंसा तथा घरेलु हिंसाको अन्त्य गर्न बिभिन्न सरकारी, गैर सरकारी तथा अन्य सघ-संस्थाहरूसँग समन्वय तथा सहकार्य गरि काम गर्नुपर्ने भएकोले ।

त्यसैले माथि उल्लेखित औचित्यताहरूलाई पुरा गर्न ***स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ठ को उपबुँदा २*** द्वारा प्रदत्त अधिकारको प्रयोग गरी नगरपालिकाको लागि यो ५ बर्षे ***"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७६"*** तयार गरिएको हो ।

यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण नगरपालिकावासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछन् ।

३.१२ **नाम र प्रारम्भः** यस रणनीतिको नाम ***"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७६"*** रहनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

३.१३ **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमाः

क) "**नीति**" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७६ सम्झनुपर्दछ ।

ख) "**स्थानीय तह**" भन्नाले गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनुपर्दछ ।

ग) "**नगरपालिका**" भन्नाले कीर्तिपुर नगरपालिका सम्झनुपर्दछ ।

घ) "**कार्यक्रम**" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरूको संयोजित रुप सम्झनु पर्छ ।

ङ) "**योजना**" भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनुपर्छ ।

च) "**सामाजिक वञ्चितीकरण**" भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परादेखि चलिआएको अनौपचारिक मूल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनुपर्छ ।

छ) "**सामाजिक समावेशीकरण**" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरूलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयाहरूमा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ ।

ज) "**सामाजिक समावेशी सम्पर्क व्यक्ति**" भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

झ) "**सामाजिक समावेशी बजेट**" भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ ।

ञ) "**विकास साझेदार**" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ ।

ट) "**टोल विकास संस्था**" भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालकको अवधारणा बमोजिम गठन हुने समूह सम्झनुपर्छ ।

ठ) "**उपभोक्ता समिति**" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ ।

ड) "**सामुदायिक संस्था**" भन्नाले जनचेतनासम्वन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरू आधारित संस्था सम्झनुपर्छ ।

ढ) "**गैर-सरकारी संस्था**" भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर-नाफामूलक संस्था सम्झनुपर्छ ।

ण) "**स्थानीयकरण**" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया सम्झनुपर्दछ ।

त) "**बञ्चित समुह**" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक, बाल-बालिका एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनुपर्दछ ।

थ) "**अल्पसंख्यक**" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

द) "**सीमान्तीकृत**" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ध) "**लैङ्गिक प्रभाव विष्लेषण**" भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनुपर्दछ ।

न) "**लैङ्गिक समता**" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनुपर्दछ ।

प) "**लैङ्गिक समानता**" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

फ) "**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्वन्धहरूलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ ।

ब) "**लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट**" भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिंगी, अपाङ्गता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ ।

भ) "**लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण**" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

म) "**लैङ्गिक मूलप्रवाहीकरण**" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्दछ ।

य) "**लैङ्गिक उत्तरदायी बजेट**" भन्नाले"लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

र) "**सामाजिक वञ्चितीकरणमा परेका समूहहरू**" भन्नाले महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

ल) "**सशक्तिकरण**" भन्नाले विकासका अवसरहरूवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका, पारिएका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनुपर्दछ ।

व) "**खण्डीकृत तथ्याङ्क" भन्नाले** महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई. भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरूको तहगत तथ्याङ्कलाई सम्झनुपर्दछ ।

श) "**सार्वजनिक परीक्षण**" भन्नाले वित्तीय सूचना सहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाहरूप्रति सेवाप्रदायकको जवाफदेहिता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले अपनाइने विधिलाई सम्झनुपर्दछ ।

ष) "**सामाजिक परीक्षण**" भन्नाले सस्थाद्वारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एव मापदण्डहरूको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्ने प्रकृयालाई सम्झनुपर्दछ ।

स) "**गरिबी नक्शाङ्कन**" गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

ह) "लक्षित वर्ग/समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

क्ष) "**नोभेल कोरोना भाइरस (कोभिड-१९)**" भनेको एक प्रकारको सक्रिय भाइरस हो । अहिले संक्रमण फैलिएको भाइरस कोरोना समूहका अन्य भाइरसहरूसँग नमिल्ने भएकाले यसलाई २०१९ नोभेल कोरोना भाइरस (कोभिड-१९) नाम दिइएको छ । यसको बारेमा अहिलेसम्म पनि त्यति स्पष्ट हुनसक्ने अवस्था नभएपनि यो भाइरसले पहिला घाँटी, श्वासनली र फोक्सोका कोषलाई आक्रमण गर्छ । बिस्तारै ती अङ्गलाई आफ्नो नियन्त्रणमा लिएर आफ्नो सङ्ख्या वृद्धि गर्न थाल्छ र शरिरलाई गम्भीर असर पुऱ्याउन सक्दछ ।



# ४. दीर्घकालिन सोच

क) लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामुलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

ख) ***लैससास*** सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउने ।

# ५. मुख्य उद्देश्य

यस नीतिको मुख्य उद्देश्य ***लैससास*** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि नगरपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई ***लैससास उत्तरदायी र दिगो बनाउन*** आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेकोछ । यसका ***बिस्तारित उद्देश्यहरू*** निम्न प्रकारका छन्:

५.१ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै जात, जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहीकरण गर्दै लैजाने ।

५.२ नगरपालिका एवं अन्य सेवा प्रदायक सरोकारवालासंस्थाहरू सहित लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पँहुच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने ।

५.३ ***लैससास***बारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, ***लैससास***बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

५.४ लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र र अरु स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

५.५ नगरपालिकाबासी विशेषगरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने ।

५.६ नगरपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा ***लैससास*** दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

> “नगरपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहीकरण गर्दै लगिने नीति लिने छ ।

# ६. नीति

६.१ नगरपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहीकरण गर्दै लगिने नीति लिने छ । ***(उद्देश्य ५.१ संग सम्बन्धित)*** ।

६.२ लैङ्गिक उत्तरदायी योजना तथा बजेटलाई तथा लैङ्गिक उत्तरदायी र समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको आर्थिक तथा वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ । ***(उद्देश्य ५.१ संग सम्बन्धित)*** ।

६.३ नगरपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरि उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने । ***(उद्देश्य ५.२ संग सम्बन्धित)*** ।

६.४ ***लैससास*** बारे संबिधानमा भएकोव्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, ***लैससास***बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने नीति लिने । ***(उद्देश्य ५.३ सँग सम्बन्धित)*** ।

६.५ लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सबै सरोकारवालहरूसँग नियमित र प्रभावकारी  समन्वय, सहकार्य र सहजीकरण गर्ने । ***(उद्देश्य ५.४ सँग सम्बन्धित)*** ।

६.६ गरीब असहाय बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने नीति लिने । ***(उद्देश्य ५.५ संग सम्बन्धित)*** ।

६.७ सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ । ***(उद्देश्य ५.६ सँग सम्बन्धित)*** ।



# ७. रणनीति

### ७.१ मूलप्रवाहीकरण:

क) नगरपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरूको समग्र नगरपालिकाको विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ ।

ख) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत नगरपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ ।

### ७.२ आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण :

विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको नगरपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराइ उनीहरूलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकासगरि नगरबासीको लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

### ७.३ संस्थागत संरचना, सचेतिकरण तथा क्षमता बिकास :

क) ***लैससास***बारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि नगरपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई ***लैससास*** प्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिनेछ ।

खं) स्थानीय नागरिक विशेष गरी पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी नगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गरिनेछ ।

ग) हाल ***कोभिड-१९*** को संक्रमण सुरु भए पश्चात् बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरू लगायत सम्बन्धित सबै सरोकारवालाहरूलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरू संचालन गरि क्षमता विकास गरिनेछ ।

> लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत नगरपालिकाको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ ।

### ७.४ समन्वय, सहकार्य र सहजीकरण :

क) ***लैससास*** सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

ख) ***लैससास*** सम्बन्धी तथा ***कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेको लैङ्गिक हिंसा तथा घरेलु हिंसा लाईपनि ध्यानमा राख्दै,*** विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसँग साझेदारी तथा समन्वय गरिनेछ ।

### ७.५ सामाजिक संरक्षण र सुरक्षा :

नगरपालिकाबासी विशेषगरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरू लागु गर्दै लैजानेछ ।

### ७.६ अनुगमन तथा मूल्यांकन :

नगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ ।



# ८. कार्यनीति

## ८.१ कार्यनीति *(रणनीति ७.१ सगं सम्बन्धित)*

क) योजना, कार्यक्रम तथा बजेटचक्रमा नगरपालिकाले ***लैससास***मैत्री योजना र कार्यक्रम निर्माण गर्न पूँजीगत बजेटको कम्तिमा ३५% बजेट छुट्याइने छ। यसरी छुट्याइएको बजेट पछाडि परेका वा पारिएका, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका गरीब, महिला, बाल-बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरूलाई बिकासको मूलधारमा ल्याउन कार्यान्वयन गरिने छ।

ख) बढी भन्दा बढी अर्थपूर्ण जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ।

ग) सेवा प्रवाह सयन्त्र र प्रक्रिया ***लैससासमैत्री*** हुनेगरी सुधार एवम विकास गर्नेछ।

घ) लैङ्गिक उतरदायी योजना तथा बजेट तर्जुमा तथा लैङ्गिक लेखाजोखा बिधिलाई लैङ्गिक पूर्णरुपमा कार्यान्वयनमा ल्याउनेछ।

ङ) नगरपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला तथा वञ्चितीकरणमा परेका र पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एवं निरन्तर सञ्चालन गर्नेछ।

च) ***लैससास*** आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्नेछ।

छ) लैङ्गिक उत्तरदायी योजना तथा वजेट मार्फत नतिजामूखी आवधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्नेछ।

ज) लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरू निर्धारण गरी यसका प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्नेछ।

झ) लैङ्गिक उत्तरदायी योजना तथा वजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरि यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गर्नेछ।

ञ) नगरपालिकाको ***लैससास*** सम्बन्धी समन्वय र कार्यान्वयन समितिले नगरपालिकाको आवधिक/बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्नेछ।

ट) लैङ्गिक उत्तरदायी योजना तथा वजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्नेछ।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरूलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्नेछ।

ड) नगरपालिका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गर्ने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्नेछ।

ढ) सबै सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरि नगरबासीलाई आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत्हरूको व्यवस्थापन गर्नेछ।

ण) कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास एवं प्रबर्द्धन गरि नगरबासीकालागि स्वःरोजगारीको व्यबस्था गर्दै लानेछ।

त) नगरपालिकाका प्रतिबेदनहरूमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा परीक्षणका प्रतिबेदनहरू समाबेश गर्ने व्यबस्थालाई संस्थागत गर्ने छ र यसमा भएका उपलव्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरूलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्नेछ।

## ८.२ कार्यनीति *(रणनीति ७.२ संग सम्बन्धित)*

क) स्थानीय शासनसँग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरूको अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरूलाई संलग्न गराई ***लैससास*** दृष्टिकोण पुनरावलोकन तथा निर्माण गर्नेछ।

ख) खण्डीकृत तथ्याकं र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्नेछ।

ख) दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पँहुच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यनीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्नेछ।

ग) विविधताको सम्मान गर्दै विपन्न बर्गहरूसँगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्नेछ।



## ८.३ कार्यनीति (*रणनीति ७.३ संग सम्बन्धित)*

क) ***लैससास***का लागि संस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

ख) नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ-संस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा ल्याउनेछ ।

ग) सबै समुदायका विपन्न महिला-पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरूसगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी नगरपालिकाको **७ चरणको** योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएका हरूका लागि विद्यमान प्रावधानहरू र नगरपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराउनेछ ।

घ) ***लैससास*** सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्नेछ ।

ङ) नगरपालिकाको प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई ***लैससास***को मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउनेछ ।

च) ***लैससास*** सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरू तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याउनेछ ।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराउनेछ ।

ज) नगरपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्नेछ ।

झ) ***लैससास*** सम्बन्धि असल अभ्यास छनौट गरी सोको प्रचार प्रसार गर्न उत्प्रेरित गर्नेछ ।

ञ) ***लैससास*** आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्नेछ ।

### ८.३.१ संस्थागत संरचना/ब्यबस्था

#### ८.३.१.१ सामाजिक विकास महाशाखा/शाखा र यसको काम तथा कर्तब्य :

***लैससास***बारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायमगरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि सम्पूर्ण कामहरू गर्ने सर्न्दभमा यस महाशाखा वा शाखाले लैससास, महिला, आदिबासी जनजाति, वाल-वालिका, किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धि कामहरू गर्नेछ । साथै यस महाशाखा/शाखाले निम्न थप कार्यहरू गर्न सक्नेछः

क) नगरपालिका भित्रका पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूह आदिको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्नेछ।

ख) महिला, बाल-बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्नेछ।

ग) ***लैससास*** तथा लैङ्गिक उत्तरदायी योजना तथा बजेटको अवधारणाको प्रवर्द्धन गरि यसै अनुसार सामाजिक विकासका लागि योजना तथा कार्यक्रम बनाई लागु गर्नेछ।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामूखी योजना तर्जुमा गर्नेछ।

ङ) महिला बाल-बालिका, आदिबासी जनजाति, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्नेछ।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पूनस्थापना गर्नेछ।

छ) लैङ्गिकपक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने र यससम्वन्धि गुनासो व्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्नेछ।

झ) नगरपालिकाको योजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकनका साथै संस्थागत रुपमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण नियमित रुपमा गर्नेछ।

ञ) सञ्चार माध्यमबाट ***लैससास*** सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गर्नेछ।

ट) महिला बाल-बालिका, आदिबासी जनजाती, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्नेछ।

ठ) ***लैससास***को अवधारणा अनुसार कार्यस्थलको संस्कारमा सुधारको पहल गर्नेछ।

ड) ***लैससास*** सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउनेछ।

ढ) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउनेछ।

#### ८.३.१.२ **विभिन्न समितिहरूको गठन**

नयाँ संघीय व्यबस्था अनुसार नगरपालिकाले विभिन्न समितिहरू गठन गरि यस नीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गर्नेछ।

**(क) नगरपालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन समिति :**

यस ***लैससास*** नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन गर्न निम्नानुसारका एक समिति रहने छः

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख | संयोजक |
| २ | नगरपालिका उप प्रमुख | सदस्य |
| ३ | कार्यपालिकाका सदस्यहरू मध्येवाट (एक जना महिला सहित) २ जना | सदस्य |
| ४ | नगरकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला सहित) जना | सदस्य |
| ५ | सम्वन्धित नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ६ | नगरपालिकाको विषयगत शाखा/महाशाखा प्रमुख | सदस्य सचिव |

***(आवश्यकता अनुसार लैससास क्षेत्रमा कार्यरत गैसस, महिला संजाल, युवा संजाल, अपाङता भएका ब्यक्तिहरूको संजाल, बिज्ञ, उद्योग बाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधि आदिलाई आमन्त्रित सदस्यको रुपमा यस समितिमा राख्न सकिनेछ) ।***

**(ख) नगरपालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

१. नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

२. लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने ।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहीतको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने ।

५. यस नीतिसंग सम्वन्धित कार्यकम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।

६. नगरपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७. लैससाससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, संझौताहरूको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।

८. नगरपालिकामा क्षेत्रभित्र लैससाससंग सम्वन्धि कामगर्ने संघ-संस्थाहरूसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**(ग) नगरपालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिबेक्षण तथा अनुगमन समितिको बैठक र निर्णय :**

१. समितिको बैठक वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

६. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(घ) वडास्तरीय समिति :**

नगरपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :

| | | |
|---|---|---|
| १ | सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| २ | सम्वन्धित वडाका वडा सदस्यहरू | सदस्य |
| ३ | सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्यगर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरू | सदस्य |
| ४ | सम्वन्धित वडाको वडा सचिव | सदस्य सचिव |



**(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :**

१. वडा भित्रका महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२. वडा भित्रका महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने ।

३. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने ।

४. वडाका सबै संरचनाहरूमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने र ५० प्रतिशतको लागि आवश्यक पहल गर्ने ।

५. यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

६. वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट ***लैससास*** उत्तरदायि वा संवेदनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित ***लैससास*** परीक्षण गराउन सहजीकरण गर्ने ।

७. वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भै हाले पनि उजुरी कर्ताको सुरक्षाको निम्ती कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुरव्यबहार सम्बन्धि विषयमा प्राप्त गुनासाहरू ***लैससास*** नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

८. ***लैससास***को अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने ।

९. ***लैससास*** सम्बन्धित आचारसहिंता निर्माण गर्न सहजिकरण गर्ने ।

१०. ***लैससास***मा काम गर्ने आन्तरिक र बाह्य संध-सस्थासँग समन्वय र सहकार्य गर्ने ।

**८.३.१.३ गुनासो व्यवस्थापन :**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले वडा कार्यालयको कार्य क्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलुहिंसा र र्दव्यबहार सम्बन्धि विषयमा आफ्ना गुनासा तथा सुझावहरू भए निर्बाधरुपमा कानून बमोजिम राख्न सक्नेछन् । यस्ता गुनासोहरूको व्यवस्थापन गर्न वडा कार्यालयमा कम्तीमा एक-एक जना महिला तथा पुरुषलाई ***सम्पर्क व्यक्तिको*** रुपमा तोकिनेछ ।

**क) गुनासोहरूको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरू देहाय बमोजिम हुनेछ ।**

- महिलाहरूको तर्फबाट
- पुरुषहरूको तर्फबाट

**ख) सम्पर्क व्यक्तिहरूको काम कर्तव्य निम्नानुसार हुनेछः**

- वडावासीहरूलाई गुनासो व्यवस्थापन सयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।
- वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा र र्दुव्यवहार सम्बन्धी घटनाहरूको दर्ता गरी अभिलेख राख्ने ।

- यस्ता गुनासोहरूको व्यवस्थापन तथा आवश्यक कार्यबाहिको लागि वडा कार्यालय र लैससास समितिलाई जानकारी गराउने ।
- वडा कार्यालय र लैससास समितिसँग सहकार्य गरि हिंसा पीडितलाई आवश्यक सहयोग गर्ने ।
- सम्बोधन गरिएका गुनासोहरूको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भैसकेपछि र सम्बोधन भए पश्चात जानकारी गराउने ।
- गुनासोहरूको उपयुक्त (सम्मान, सम्वेदनशीलता र पारदर्शी, समय आदि) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने ।
- आवश्यक परे कानुनी सहयोगका लागि सहजीकरण गर्ने ।

**ग) गुनासा तथा सुझावहरू प्राप्त गर्ने तरिकाः**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले वडा कार्यालयको कार्य क्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासा तथा सुझावहरू निम्न उल्लेखित तरिकावाट राख्न सक्नेछनः

- आफ्ना गुनासो वडा कार्यालयकावाट उपलब्ध गराईएको गुनासो फारम भरि यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्दछन् वा वडा कार्यालयमा स्वंय उपस्थित भई वा सम्बन्धित कर्मचारीहरू मार्फत राख्न सक्दछन् ।
- वडा कार्यालयमा सोझै वा हुलाक मार्फत गुनासो पत्र पठाउन सक्दछन् ।
- वडा कार्यालयको बेब साईट वा ईमेल मार्फत पठाउन सक्दछन् ।
- वडा कार्यालयका कर्मचारीको हकमा आफ्ना गुनासाहरू माथि उल्लेखित कुनै पनि माध्यमवाट सोझै वडा कार्यालयमा दिन सक्दछन् ।

प्राप्त गुनासो तथा सुझावहरूलाई वडा कार्यालयले तोकिएका फोकल व्यक्तिहरूले प्रकृया बमोजिम दर्ता गरी सम्बन्धित **वडास्तरीय समिति हुदै लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन** समितिको बैठकमा आवश्यक छलफल र समीक्षाका लागि पेश गर्नेछन् । उक्त समितिले दर्ता भएका गुनासो उपर गर्नु पर्ने कार्वाहीका निर्णय गरी वडा समिति मार्फत सम्बन्धित गुनासोकर्तालाई जवाफ संदेश पठाउने वा उस्तै प्रकृतिका गुनासोहरूको हकमा सार्वजनिक सूचना प्रकाशित गरी गुनासो संबोधन गर्नेछन् ।



### ८.४ कार्यनीति (*रणनीति* ७.४ संग सम्बन्धित)

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच तल उल्लेख गरे अनुसार साझेदारी, समन्वय, सहकार्य र सहजीकरण गर्नेछ।

| समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरू | संभावित् कार्य तथा भूमिका |
|---|---|
| केन्द्रीय तथा प्रादेशिक सरकार। | ▪ लैससासलाई राष्ट्रिय नीतिहरूमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत व्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने।<br>▪ ***लैससास*** दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने।<br>▪ ***लैससास*** सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससँग समन्वय कायम गर्ने।<br>▪ लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने।<br>▪ महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुऱ्याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने। |
| महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी, एकल महिला, अपाङता तथा जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी, युवा तथा मुस्लिम आदि वञ्चित समूहहरू। | खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने। |
| बिकास साझेदारी सस्थाहरू। | ▪ केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरूको ***लैससास*** सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने।<br>▪ ***लैससास***लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने।<br>▪ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने। |

| | |
|---|---|
| नागरिक समाज, गैसस तथा निजी क्षेत्र । | महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुऱ्याउन समन्वय र सहकार्य गर्ने । |
| स्थानीय समुदाय । | ▪ आफ्नो बस्तीका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br>▪ वस्ती स्तरबाट माग गर्नुपर्ने योजनामा महिला, दलित तथा पिछडिएका समुदायको सक्रिय सहभागिता गराउनका लागि समन्वय गर्ने ।<br>▪ ***लैससास*** दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने ।<br>▪ महिला, दलित तथा पिछडिएको समूहको विकास गर्न विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै वहस सञ्चालन गराउनको लागि समन्वय गर्ने ।<br>▪ पिछडिएका वर्गहरूको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तीकरण गर्नका लागि समुदायसँग समन्वयन गर्ने ।<br>▪ लैङ्गिक समानता प्राप्तिको लागि प्रत्येक घर परिवारमा सचेतीकरण गर्नको लागि समन्वय गर्ने ।<br>▪ महिलाले घरमा गर्ने भूमिकालाई उत्पादकत्वमूखी बनाउन सहयोग गर्नको लागि समन्वय तथा सहकार्य गर्ने ।<br>▪ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने । |

### ८.५ कार्यनीति (*रणनीति ७.५* सँग सम्बन्धित)

गरीब असहाय बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गन कार्यनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरू लागु गर्दै लैजाने ।

### ८.६ कार्यनीति (*रणनीति ७.६* संग सम्बन्धित)

क) नगरपालिका अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र नगरपालिका आफै ***लैससास*** उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्याँकन गर्ने ।

ख) ***लैससास*** महाशाखा/शाखाले अनुगमन तथा मूल्याँकन शाखासंग उस्को कार्यविधि, निर्देशिका, फेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने ।

ग) नगरपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी ***लैससासमूखी*** बनाउन उद्देश्य र सूचकहरू लैससासका आधारमा खण्डिकृत गर्ने ।

घ) खण्डिकृत तथ्याङ्क संकलन र उपलब्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिवेदनमा खण्डिकृत तथ्याङ्क सम्मिलित प्रतिबेदन पेश गर्ने ।

ङ) ***लैससास*** महाशाखा/शाखाले लैङ्गिक तथा सामाजिक समावेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सोबाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने ।

च) ***लैससास*** महाशाखा/शाखाले ***लैससास*** सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने ।

छ) नगरपालिका तहमा गठित लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन कार्यन्वयन समितिको कार्यलाई ***लैससास*** उत्तरदायी बनाउन ***लैससास*** महाशाखा/शाखाको समन्वय तथा सहकार्यमा ***लैससास*** सम्बन्धी सूचकहरूको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्रारम्भिक तथ्याँङ्क

संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग-निर्देशन गर्ने र सोका लागि अभिमूखीकरण गर्ने ।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, ***लैससास*** सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने । यी क्रियाकलापहरूमा महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने ।

***यस लैससास नीति कार्यान्वयन गर्ने सन्दर्भमा नगरपालिकाले लागु गर्ने तीन (३) बर्षे प्रस्तावित नीति, कार्यक्रम तथा प्रमाणीकरणको आधारहरू अनुच्छेद १ मा दिईएको छ ।***

# ९. नीति पुनरावलोकन तथा सुधार

यस नीति कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादयताको मुल्याकंनलाई आवश्यता अनुसार पुनरावलोकन तथा सुधार गर्नेछ ।

# १०. बाधा अडचन फुकाउने

यस नीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस नीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी नगरपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।



# अनुच्छेद १

**यस *लैससास* नीति कार्यान्वयन गर्ने सन्दर्भमा नगरपालिकाले लागु गर्ने तीन (३) बर्षे प्रस्तावित नीति, कार्यक्रम तथा प्रमाणीकरणका आधारहरू:**

| सि. नं | नीति | कार्यक्रमहरू | कार्यान्वयन गर्ने मुख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | समयावधि | सूचकहरू/प्रमाणीकरणको आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नगरपालिकाले आफ्नो कार्यदायराका सबै क्षेत्रहरूमा जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाडता भएका व्यक्ति, अल्पसंख्यक आदिको सशक्तिकरणका वहुआयामिक वाधा अडचनहरू हटाउदै लैङ्गिक समानतालाई मूलप्रवाहीकरण गर्ने नीति लिने छ। | १. समाजमा रहेका लैङ्गिक रुपमा रहेका असमान तथा विभेदकारी सामाजिक मूल्य-मान्यता, धारणा तथा व्यवहारहरू परिबर्तन गर्नका लागि प्रभावकारी तथा प्रमाणमा आधारित कार्यक्रमहरूको बिकासगरि कार्यान्वयन गर्ने ।<br>२. जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाडता भएका व्यक्ति, अल्पसंख्यक आदि प्रति विभेदकारी सम्पूर्ण बिधमान कानून तथा नीतिहरू पुनरावलोकन, संशोधन एवं खारेज तथा अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरूलाई संलग्न गराई पुन:निर्माण गर्ने । यसरी निर्माण भएका कानूनहरूको बारेमा जनचेतना जगाउन सबै आवश्यक कदमहरू चालेर उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगार, राजनितिक सहभागिता र सार्वजनिक जीवनमा पहुँच बृद्धिका लागि लैससास संबेदनशील थप कानून तथा नीतिहरू निर्माणगरि प्रभावकारी कार्यान्वयन गर्ने ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूको अवस्थालाई मानब अधिकारको रुपमा मान्यता दिई उनीहरूका लागि बनेका सबै नीतिहरूमा लैंससासको आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br>४. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अपाडता भएका व्यक्ति, अल्पसंख्यक आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने ।<br>५. नगरपालिका भित्र कार्यरत सबै सामाजिक संघ संस्थामा लैससास नीति बनाउन उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउनका लागि लैससास आचारसहिंताको निर्माण गरि कार्यान्वयन गर्ने । | नगरपालिका | वडा कार्यालयहरू, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | १-२ बर्ष | १. लैससास सम्बन्धि ऐन कानून निर्माण गर्ने निर्णय, सो उल्लेख भएको न. पा. को निर्णय तथा राजपत्रको प्रति, निर्माण भएका कानूनहरूको प्रतिलिपि र तिनीहरूको कार्यान्वयन योजना, बजेट तथा प्रतिवेदनहरू, कार्यालय वेबसाइट आदि ।<br>२. लैङ्गिक रुपमा असमान तथा विभेदकारी सामाजिक मूल्य-मान्यता, धारणा तथा व्यवहारहरू परिबर्तन गर्नका लागि प्रभावकारी तथा प्रमाणमा आधारित कार्यक्रमहरूको विवरण, कार्यान्वयन योजना तथा कार्यान्वयन पछिका प्रतिवेदनहरू ।<br>३. बार्षिक योजना तथा बजेट सिलिंग निर्धारण गरेको निर्णयहरू, बार्षिक योजना तथा बजेटका प्रतिहरू, योजना प्राथमिकता निर्धारणका निर्णयहरू, सभामा पेश गरेको रेकर्ड, सभाको वैठक, उपस्थिति र निर्णय पुस्तिका आदि । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ६. सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्बोधन गर्दै स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिको व्यवस्था गर्ने ।<br>७. नगरपालिका भित्रका सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैङ्गिकमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री र बालबालिका मैत्री बनाउने ।<br>८. नगरपालिकाको सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिला, बिपन्न तथा एकल महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक आदिको बस्तीस्तरबाटै अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणाली मार्फत योजना तथा बजेट तर्जुमा गरी यसका लागि प्रयाप्त बजेटको बिनियोजन गरि प्रभावकारी कार्यान्वयन गर्ने ।<br>९. सबै वडामा एक महिला र एक पुरुषलाई महिला/यौन हिंसा, दुर्व्यवहारका गुनासो सुन्ने व्यक्ति तोक्ने र प्राप्त गुनासाहरूको कानून अनुसार उचित व्यवस्थापन गर्ने ।<br>१०. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने । | | | | ४. लैङ्गिक उत्तरदायी बजेट प्रणाली मार्फत योजना तथा बजेट तर्जुमा गरी प्रयाप्त बजेटको बिनियोजन गरि प्रभावकारी कार्यान्वयन गरेका प्रतिवेदनहरू ।<br>५. महिला/यौन हिंसा, दुर्व्यवहारका गुनासो सुन्ने व्यक्ति तोकेको र प्राप्त गुनासाहरूको व्यवस्थापन गरेका प्रतिवेदनहरू ।<br>६. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गरेका रेकर्ड, दस्तावेजहरू तथा सुनुवाईको उपस्थिती पुस्तिका आदि । | |
| २. | जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तीकरण गरिनेछ । | १. सबै वडाको लैससास सम्बन्धि खण्डीकृत तथ्याङ्क संकलन गरि अध्यावधिक गर्ने र सबै वडाको पार्श्व चित्र बनाउने ।<br>२. हानिकारक लैङ्गिक र सामाजिक मूल्य-मान्यता रुपान्तरणका विभिन्न क्रियाकलापहरू जस्तै: सामाजिक अगुवा मार्फत सामाजिक मूल्य मान्यता रुपान्तरित गर्न प्रोत्साहन गर्ने, परिवर्तनका संवाहकहरूको पहिचान, परिचालन र सञ्चालन गर्ने ।<br>३. समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरूलाई परिवर्तन गर्ने खालका जनचेतनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने ।<br>४. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बिपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने । | नगरपालिका | वडा कार्यालयहरू, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | १-३ बर्ष | १. जोखिम र जोखिम-उन्मुख तथा सीमान्तकृत परिवार र समुहहरूको वास्तविक तथ्याङ्क र सबै वडाको पार्श्व चित्रको प्रतिलिपि आदि ।<br>२. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरूसँग सम्वन्धित उजुरी दर्ता किताब र यस सम्बन्धि न. पा. को नीति तथा कार्यान्वयन योजनाको प्रति । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू जस्तैः खानेपानी, वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो, गोबर ग्यास, खाद्य प्रशोधन आदि सञ्चालन गर्ने ।<br>६. बिपन्न तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ट नागरिक, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुहहरूको लागि समूह निर्माण र सबलीकरण, लघु-उद्यम विकास योजना, होटेल ब्यबस्थापन, कम्प्युटर तथा मोबाइल मर्मत आदि आय आर्जन गर्नेबारे परिणाममा आधारित तालिम दिने ।<br>७. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने जस्तैः कृषिजन्य लघु-उधोगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि ब्यबसाय, ब्यबसायीक तरकारी तथा फलफूल खेती विकास, हाट बजार ब्यबस्थापन तथा प्रबर्द्धन कार्यक्रम लगायत बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्घि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू र अन्य कृषि, पशु विकास, मत्स्य विकास तथा सहकारी बारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>८. गैर-कृषिमा आधारित घरेलु तथा लघु उद्यम उद्योग हरूको संचालन तथा ब्यबस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनिकीकरण गर्ने, बिपन्न तथा एकल महिला महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ट नागरिक, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत बर्गहरूको आय आर्जन बढाउने खालको तालिम तथा सीप विकास गर्ने र उनीहरूका सामुदायिक संस्थाहरूलाई आयमूलक कार्यक्रमहरूका लागि परिणाममा आधारित आर्थिक सहयोग गर्ने ।<br>९. सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट बिपन्न तथा एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरूलाई सर्वसूलभ व्याजदरमा सहुलियत ऋण दिने साथै उनीहरूलाई वीउ-पूजीं मार्फत आय-आर्जन गर्ने र स्वरोजगारको वातावरण श्रृजना गर्ने ।<br>१०. नगरपालिकालाई बालमैत्री बनाउन बालमैत्री भवन, बालमैत्री शैक्षिक सामग्री, खेलकुद मैदान, पुस्तकालय, खानेपानी तथा सरसफाई, शौचालय, हिंसा पीडित बालबालिकाहरूका लागि आकस्मिक संरक्षण स्थान तथा औषधि उपचारमा सहयोग गर्ने ।<br>११. वडाका सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूमा महिला (कम्तिमा ३३%), दलित तथा अन्य सीमान्तकृत समुहहरूको समावेशीता तथा सहभागिता सुनिश्चित गर्ने ।<br>१२. महिला, दलित तथा विपन्न वर्गको उद्यमशिलता बढाई उनीहरूको स्वामित्वमा उद्योग सञ्चालन गर्न प्रोत्साहनका लागि सहकारीसँगको समन्वय तथा सहकार्यमा विशेष अनुदान प्रदान गर्ने । | | | | ३. महिला, बिपन्न तथा एकल महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गरेका प्रतिवेदनहरू ।<br>४. कृषि तथा गैर-कृषि सेवा केन्द्र संख्या, सहकारी र फाइनान्स कम्पनीबाट बिपन्न तथा एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरूलाई सर्वसूलभ व्याजदरमा सहुलियत ऋणको विवरण, महिला, दलित तथा विपन्न वर्गको उद्यमशिलता बढाई उनीहरूको स्वामित्वमा सञ्चालन गरेका उद्योगहरूको विवरण, त्यसको बार्षिक योजना, कार्यक्रम तथा बजेटको प्रति ।<br>५. सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरि यसलाई संस्थागत गरेका प्रतिवेदनहरू ।<br>६. सबै उपभोक्ता समितिका कार्य-समिति तथा संरचनाहरूमा महिला, दलित तथा अन्य सीमान्तकृत समुहहरूको समावेशीता तथा सहभागिता सुनिश्चित गरिएका दस्तावेजहरूको प्रतिलिपिहरू र सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूको नामावलीको लागत । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १३. "एक घर-एक महिला रोजगार" भन्ने नाराका साथ परिणाममा आधारित रोजगारीका कार्यक्रम/अभियानहरू सञ्चालन गर्ने ।<br>१४. कृषि, सहकारी, पर्यटन आदिको समुचित विकासगरि नगरबासीको लागि स्व:रोजगारीको ब्यबस्था गर्दै लाने ।<br>१५. महिला, दलित तथा विपन्न वर्गको समुदायहरूलाई वडामा उत्पादित बस्तुको बजार व्यवस्थापन गर्ने र व्यवसायिक हुनका लागि प्रोत्साहन हुने कार्य सञ्चालन गर्ने ।<br>१६. जेष्ठ नागरिक, अपाङ्ग, असहायहरूका लागि दिवा सेवा तथा मिलन केन्द्र लगायतका संरचना स्थापना गर्ने र ती केन्द्रबाट आफ्नो क्षमता अनुसारको परिणाममा आधारित रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>१७. महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ट नागरिक, यौनिक अल्पसंख्यक तथा किशोरीहरूको लागि सहयोग पुग्ने सामुदायिक तथा सहकारी भवन निर्माणका साथै हिंसा पीडित महिला तथा किशोरीका लागि अस्थाई आवास गृह निर्माण गर्न सहयोग गर्ने ।<br>१८. सबै वडामा समान कामको लागि समान ज्यालाको सुनिश्चितता गर्न जनचेतनामूलक कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्ने ।<br>१९. सबै सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरि नगरबासीलाई आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत्हरूको व्यवस्थापन गर्ने ।<br>२०. बाल अधिकारको आधारमा बालमैत्री योजना तर्जुमा गरि सोको कार्यान्वयन गर्न बालबालिकाहरूको अर्थपूर्ण सहभागितामा जोड दिने ।<br>२१. बाल-क्लब तथा बालबालिकाहरूको समूह वा संजालहरूको सबलीकरण, संस्थागत विकास र ब्यबस्थापन गर्दै बाल भेला आदिलाई आवश्यक सहयोग गर्ने ।<br>२२. वर्षको अन्त्यमा वडा कार्यलय तथा वडा कार्यालयले तर्जुमा गरेका योजनाहरू लैससास संवेदनशील भएको सुनिश्चितताको लागि लैससास परीक्षण गर्ने ।<br>२३. नगरपालिकाका सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरि यसलाई संस्थागत गर्दै लैजाने । | | | | ७. न. पा. स्तरमा गठित विभिन्न समितिहरूमा समावेश भएका जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, बालबालिका, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको नामावलीको लागत ।<br>८. आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यक्रममा समावेश भएको अतिविपन्न र सीमान्तकृत महिलाहरूको संख्या ।<br>९. केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र अन्य स्थानीय सरकार, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्रसंग सहकार्य गर्ने नीति तथा कार्यबिधिको प्रतिलिपि, उनीहरूसँग गरेको करारनामाको प्रतिलिपि, श्रोत परिचालन भएको विवरण, लाभग्राहीहरूको विवरण, समन्वय बैठक, निर्णयहरूको माईन्यूट, आपसी सहयोग र सहकार्यको लागि परिचालन भएका संजालहरूको संख्या, बैठकको निर्णयहरू आदि । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | लैससास बारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गरिनेछ । | १. लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएको व्यवस्थाहरूको सबै सरोकारवालाहरूसंग प्रभावकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना (सामाजिक विकास महाशाखा/शाखा) निर्माण गरि सम्पर्ण कामहरू गर्ने ।<br>२. लैससासमैत्री शासन पद्दतिबारे सबै निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, सेवा प्रदायक, लैससास सम्पर्क व्यक्ति आदिको क्षमता अभिबृद्धि गर्ने र लैससास प्रवर्द्धन गर्ने संयन्त्र तथा प्रक्रियाहरू निर्माण गर्ने ।<br>३. सरकारी पदाधिकारी, कानून पालन गराउने निकायहरू, धार्मिक एवं सामुदायिक नेताहरू र सर्व-साधारण जनतालाई लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लैङ्गिक पहिचान तथा अभिव्यक्ति, लैङ्गिक बिषेशताहरूको आधारमा हुने विभेद र घरेलु हिंसा आदिका बारेमा सचेतना, घरेलु तथा यौन हिंसा बिरुद्ध परिणाममा आधारित तालिमहरू उपलब्ध गराउने ।<br>४. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको श्रम शक्तिमा सहभागिता बढाउन र उनीहरूको लैङ्गिक पहिचान तथा अभिव्यक्ति र लैङ्गिक बिषेशताहरूका आधारमा हुने विभेद र हिंसाबाट बाहिर निस्कनका लागि कानूनी तथा मनोसामाजिक सहयोग गर्ने ।<br>५. गरिब, जेहन्दार र अपाङ्गता भएका छात्र छात्राहरूका लागि छात्रवृत्ति कार्यक्रम, बाल-बालिकाहरूको विकास तथा सशक्तीकरण कार्यक्रम, अभिभावकहरूका लागि बालबालिकाहरूको हेरचाह बारे ज्ञानको अभिबृद्धि गर्ने कार्यक्रम, नगरपालिकामा बाल-बालिकाहरूको लागि योजना, बजेट तथा कार्यक्रम तर्जुमा, बाल-बालिका, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूको प्रोफाइल तयार गर्ने तथा उनीहरूको अवस्था विश्लेषण गर्न सर्वेक्षण गर्ने प्रकारका कार्यक्रमहरू संचालन गर्ने ।<br>६. वडामा व्याप्त विभेद, शोषण र उत्पीडनको अन्त्य गर्न महिला, दलित र पिछडिएका समुदायको सीप र दक्षता अभिबृद्धि गर्न क्षमता र चाहना अनुसारको परिणाममा आधारित सीपमूलक तालिम सञ्चालन गर्ने ।<br>७. लैङ्गिक तथा घरेलु हिंसा अन्त्यको लागि बहस, पैरवी तथा सचेतनामूलक अभियान सञ्चालन गर्ने ।<br>८. छुवाछुत, सामाजिक कुरीति, अन्धबिश्वास, बालश्रम, लैङ्गिक हिंसा, बालबिबाह, बहु-बिबाह, दाईजो, बोक्सी जस्ता अमानवीय प्रथा ***(हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेका विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा लाईपनि ध्यानमा राख्दै)*** रोकथामका लागि नीति तथा कार्यक्रम बनाई लागु गर्ने ।<br>९. जन्म दर्ता, खोप, पोषण, बाल-स्वास्थ्य, जन-स्वास्थ्य, प्रजनन स्वास्थ्य, एच. आई. भी./एड्स, पाठेघर सम्वन्धि समस्या तथा यसको रोकथामबारे परिणाममा आधारित जनचेतना जगाउने अभियान संचालन गर्ने । | नगरपालिका | वडा कार्यालयहरू, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | १-३ वर्ष | १. नगर प्रमुख र वडा अध्यक्षबाट भएको अधिकार प्रत्यायोजनको प्रति, सेवा प्रवाह निर्देशिका, कर्मचारीहरूको कार्य विवरण तथा जिम्मेवारी तोकिएको पत्रको प्रति, नागरिक बडापत्र, गुनासो दर्ता किताब तथा सुनवाई र निर्णय संख्या, जनप्रतिक्रिया, सञ्चार विवरण/रिपोर्टहरू आदि ।<br>२. विभिन्न क्षमता विकास योजनाहरूको प्रतिहरू, तालिम लिएका पदाधिकारी, कर्मचारी, स्वयसेवक तथा समुदायको क्षमता विकास तालिम दिईएको संख्या र अभिलेख र रेकर्ड पुस्तिका आदि ।<br>३. गरिब, जेहन्दार र अपाङ्गता भएका छात्र छात्राहरूका लागि छात्रवृत्ति तथा बाल बालिकाहरूको विकास तथा सशक्तीकरण योजना, बजेट र कार्यक्रमहरूको बिबरण ।<br>४. लैङ्गिक तथा घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान चलाएको प्रमाणहरूको साथै छुवाछुत, सामाजिक कुरीति, अन्धबिश्वास, बाल श्रम, लैङ्गिक हिंसा, बाल-बिबाह, बहु बिबाह, दाईजो, बोक्सी जस्ता अमानवीय प्रथा रोकथामका लागि बनाइएको नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयन गरिएका प्रतिवेदनहरू र यस सम्वन्धि उजुरी पुस्तिका । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १०. महिला तथा अन्य सीमान्तकृत समुहका लागि लोक सेवा तयारी कक्षा संचालन, बैदेशिक रोजगारीका लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास, नगरपालिका एवं बिभिन्न सरकारी तथा गै.स.स. बाट संचालन गर्ने विकास कार्यक्रमबारे जानकारीमूलक कार्यक्रमहरू संचालन गर्ने ।<br>११. महिला तथा अन्य सीमान्तकृत समुह सम्वन्धि विभिन्न नीतिगत प्रावधानहरूका बारेमा जानकारी दिने कार्यक्रम, महिला नेतृत्व विकास, सामाजिक, राजनितिक तथा आर्थिक सशक्तीकरण गर्ने कार्यक्रम र अधिकारमा आधारित बिकासको अवधारणा बारे परिणाममा आधारित कार्यक्रमहरू संचालन गर्ने ।<br>१२. महिला तथा अन्य सीमान्तकृत समुहहरूको साक्षरता कार्यक्रम, लैङ्गिकताको आधारमा हुने हिंसा, सबै प्रकारका महिला विभेद (***हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेका विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा लाईपनि ध्यानमा राख्दै***) तथा हिंसा उन्मूलन, महिला सम्वन्धि मानब अधिकार, नीति, कानुन आदि बारे चेतना अभिबृद्धि कार्यक्रम, सूचना सञ्चारमा महिलाको सहभागिता र पहुँच बृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।<br>१३. स्वास्थ्य तथा उप-स्वास्थ्य चौकीहरूको संस्थागत सुधार गर्ने, महिला संजाल, लैङ्गिक निगरानी समूह, महिला सहकारी संस्था, महिला तथा सीमान्तकृत वर्ग आदिले नेतृत्व गरेका सामाजिक र सामुदायिक संघ(संस्था गठन, सबलीकरण तथा बिस्तारमा सहयोग गर्ने ।<br>१४. महिला तथा बाल-बालिकाहरू बिरुद्ध हुने हिंसा, हानिकारक एवं चलिरहेको विभेदकारी सामाजिक मूल्य मान्यताहरूको सम्बोधनका लागि कानूनी एवं नीतिगत संरचनाहरू निर्माण र सुदृढ र सबलीकरण गर्दै यी सामाजिक कुरीतिहरूका बारेमा वहस संचालन गरि जनचेतना अभिबृद्धि गर्ने ।<br>१५. महिला तथा बालबालिकाहरू बिरुद्ध हुने हिंसा, हानिकारक एवं विभेदकारी अभ्यासहरूको अन्त्य लगायतका लैङ्गिक अन्तरहरू सम्बोधनका लागि र अति सीमान्तकृत समुदायका महिलाहरूका सवाल सम्बोधनका लागि आर्थिक सहयोग गर्ने ।<br>१६. न्यायिक समितिका संयन्त्र र कार्यबिधिहरू परिभाषित गर्ने औजारहरू विकास गरि तिनीहरूको प्रभाबकारी संचालन र कार्यादेशको उचित प्रतिपादनका लागि पर्याप्त मानवीय तथा आर्थिक श्रोत सहित क्षमता बिकासको योजना बनाई कार्यान्वयन गर्ने ।<br>१७. सरकारको लैससास सम्वन्धि नीति, कानुन तथा मार्गदर्शनहरूको बारेमा नियमित सचेतना क्रियाकलापहरू सञ्चालन गर्ने ।<br>१८. महिला दलित र पिछडिएका वर्गलाई चेतनामूलक तथा नेतृत्व विकास हुने कार्यक्रम संचालन गर्ने । | | | | ५. न्यायिक समितिको संयन्त्र र कार्यबिधिहरूका प्रति, सबै वडामा मेलमिलाप केन्द्र गठन भएको निर्णय पुस्तिका, मेलमिलाप केन्द्रको कार्यसञ्चालन भएको माईन्युट, यस अन्तर्गत न्याय सम्पादन र फैसला गरेका अभिलेखहरू, मेलमिलापकर्ताहरूको सूची आदि । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १९. वडा समिति, कर्मचारी, टोल विकास संस्था, लैससास कार्यन्वयन समिति, सामाजिक समिति, समुदायका अन्य व्यक्ति तथा समुहहरूलाई (महिला, पुरुष, किशोर-किशोरी) लैससास तालिम सञ्चालन गर्ने ।<br>२०. महिला, दलित र पछाडि परेका/पारिएका वर्गहरूलाई समावेश गरि परम्परागत पेशा, संस्कृति र सीपलाई आधुनिकिकरण, संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गर्ने गराउने ।<br>२१. घरेलु हिंसा सम्बन्धी कानुन बनेको छ, यसमा के कस्ता व्यवस्था गरिएकोछ, छैन सो बारे विवेचना गर्न जनचेतना जगाउने र यसको कमी कमजोरीलाई औल्याउने ।<br>२२. हाल ***कोभिड-१९*** को संक्रमण सुरु भए पश्चात् बढेका विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरू लगायत सम्बन्धित सबै सरोकारवालाहरूलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने । | | | | | |
| ४. | नगरपालिकाबासी विशेषगरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने नीति अबलम्वन गर्ने । | १. बाल-बालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालनका लागि नीति र कार्यक्रम तर्जुमा, आवश्यकता अनुसार केन्द्रहरू स्थापना गरि संचालन गर्ने ।<br>२. नगरपालिकाका सबै घरपरिवारलाई स्वास्थ्य बीमामा समाबेश गराउने र स्वास्थ विमाको प्रीमियम तिर्न नसक्ने अति विपन्न घरपरिवारको लागि वडाको तर्फबाट भुक्तानीको व्यवस्था मिलाउने ।<br>३. औषधि उपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, अशक्तता सुरक्षा, वृद्ध-वृद्धाको सुरक्षा, आश्रित परिवार सुरक्षा, बेरोजगारी सहायता, जीवन बीमा, पशु बीमा, बाली बीमा लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरूमा लक्षित समुदाय तथा वर्गलाई सहभागिताको लागि उत्प्रेरित गर्ने ।<br>४. एकल महिला, विपन्न र दलित समुदायलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरू निःशुल्क वा सहुलियत दरमा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।<br>५. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति , दलित समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता नियमानुसार सहज व्यवस्थापन गरि समयमै उपलब्ध गराउने । | नगरपालिका | वडा कार्यालयहरू, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | १-३ वर्ष | १. बाल-बालिका पुर्नःस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालनका लागि नीति र कार्यक्रम तर्जुमा आदि सम्वन्धि प्रतिलिपिहरू ।<br>२. बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता केन्द्रित सामाजिक सुरक्षा कार्यक्रमहरू लागु भएका हुनेछन् ।<br>३. सामाजिक संरक्षण तथा सुरक्षा कार्यक्रमबाट लाभान्वित परिवारको संख्या आदि । | |

# अनुच्छेद २

## एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति
### कीर्तिपुर नगरपालिका, कीर्तिपुर

**१. एकल तथा समूह केन्द्रित छलफलेका लागि :**

- संबिधान, स्थानीय सरकार संचालन ऐन आदिले दिएको लैससास सम्बन्धित कामहरू गर्न आवश्यक ऐन, कानुन, नीति, योजना, बजेट, संस्थागत संयन्त्र छ छैन ?
- स्थानय सरकारले केन्द्र तथा प्रदेश सरकारसँग लैससास सम्बन्धित काम गर्न कसरी समन्वय गरिराखेको छ ?
- लैससासमूखी योजना तथा बजेट निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ति, एकल महिला, किशोर किशोरी तथा अन्य पिछडिएका लक्षित बर्ग समुदायहरूको अर्थपूर्ण सहभागिता, लाभ तथा परिणाममा समानता छ छैन ?
- लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक तथा बाह्य रुपमा विभिन्न सरकारी एबम् गैरसरकारी निकायहरूसँग साझेदारी तथा समन्वय कस्तो छ ?
- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले लैससास कार्यान्यन तथा मूलप्रवाहीकरणको लागि आवश्यक क्षमता विकास तथा सचेतिकरण छ छैन ? छैन भने यसलाई लैससासमूखी कसरी बनाउने ?
- स्थानीय सरकारले कार्यान्वयन गर्ने सम्पूर्ण कार्यक्रम, आयोजना, परियोजना आदिको अनुगमन तथा मूल्यांकन बिधि लैससासमूखी छ छैन र छैन भने लैससासमूखी कसरी बनाउने ?

**२. अन्तर्वार्ता (Key Informant Interview) का लागि :**

| क.स | समुह | समस्याहरू | समाधान कसरी गर्ने ? |
|---|---|---|---|
| १. | महिलाका समस्या | | |
| २. | दलितको समस्या | | |
| ३. | आदिवासी जनजातिको समस्या | | |
| ४. | जेष्ठ नागरिकको समस्या | | |
| ५. | किशोर किशोरीको समस्या | | |

| | | | |
|---|---|---|---|
| ६. | एकल महिला समस्या | | |
| ७. | एकल जेष्ठ पुरुषको समस्या | | |
| ८ | अपांङ्गता भएका व्यक्तिको समस्या | | |
| ९ | पहुंच नपुगेका बस्ती | | |
| १० | अन्य समस्याहरू | | |

## ३. बिषय केन्द्रित छलफल (Focus Group Discussion) का लागि :

| क.स | बिषयबस्तु | समस्याहरू | समाधानका उपायाहरू |
|---|---|---|---|
| १. | **लैससासमुखी दृष्टिकोणबाट सामाजिक** (शैक्षिक तथा मानव संसाधन, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई, कला संस्कृति तथा भाषा, शान्ति सुरक्षा आदि) समस्या तथा समाधानका उपायाहरू । | | |
| २. | **लैससासमुखी दृष्टिकोणबाट** आर्थिक तथा रोजगारीको समस्या तथा समाधानका उपायहरू । | | |
| ३. | **लैससासमुखी दृष्टिकोणबाट** भौतिक पूर्वाधार विकास (यातायात, विद्युत, आवास तथा भवन, प्राकृतिक तथा मानव सिर्जित बिपत व्यवस्थापन आदि) सँग जोडिएकाहरू समस्या तथा समाधानका उपायहरू । | | |
| ४. | **लैससासमुखी दृष्टिकोणबाट** राजनैतिक समस्या तथा समाधानका उपायहरू । | | |
| ५. | अन्य समस्या तथा समाधानका उपायहरू । | | |



“सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!”



किपू नगरपालिका

कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं